## खोटेहाङ गाउँपालिका

# आर्थिक ऐन, २०७६

गाउँसभाबाट स्वीकृत मिति : २०७६/०३/२३

**खोटेहाङ गाउँपालिका**
**खोटाङ जिल्ला**
**१ नं प्रदेश**

# **खोटेहाङ गाउँपालिकाको आर्थिक ऐन, २०७६**

खोटेहाङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना : खोटेहाङ गाउँपालिकाको आर्थिक वर्ष २०७६/७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खोटेहाङ गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम "आर्थिक ऐन २०७६" रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ देखि खोटेहाङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पत्ति कर :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर / घर जग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**३. भूमि कर (मालपोत) :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

**४. घर वहाल कर :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, कारखाना, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घरजग्गा वहाल कर लगाईने र असुल गरिनेछ।

**५. व्यवसाय कर :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र व्यपार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर : खोटेहाङ गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन, खोटो, जडीबुटी, वनकस ,कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकको अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूचि ( ५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

**७. सवारी साधन कर :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र दर्ता भएको सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**८. विज्ञापन कर :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसुची (७) बमोजिम विज्ञापन कर लगाइने छ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**९. मनोरन्जन कर :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची (८) बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१०. बहाल बिटौरी शुल्क :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका आनुसूची (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**११. पार्किङ शुल्क :** खोटेहाङ गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत आनुसूची (१०) मा उल्लेख भए अनुसार पार्किङ शुल्क लगाईनेछ ।

१२ . ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र ऱ्याफ्टिङ् शुल्क : खोटेहाङ गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्, कोयोकिङ, क्यानोइङ, बन्जी, जम्पिङ्, जिपफ्लायर र ऱ्याफ्टिङ् सेवा वा व्यवसाय संचालन गरेवापत गाउँ कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाइने र असुल उपर गरिनेछ ।

**१३. सेवा शुल्क, दस्तुर :** खोटेहाङ गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (११) मा उलेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोहि अनुसुचिमा व्यवस्था भए अनुसार शूल्क लगाइने र असुल उपर गरिनेछ । अनुसूचिमा नतोकेका अन्य सेवा शुल्क तथा दस्तुरहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१४. पर्यटन शुल्क :** खोटेहाङ गाउँपालिकाको आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट गाउँ कार्यपालिकाले तोके बमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. विक्री तथा निकासी शुल्क :** खोटेहाङ गाउँपालिकाको आफ्नो स्वामित्वमा रहेको सम्पत्ती वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य बस्तुहरुको विक्री तथा गाउँपालिकाको आफ्नो क्षेत्रभित्र उत्पादन भै

आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा निकासी शुल्क लगाइने छ।

**१६.कर छुट :** यस ऐन बमोजिम कर तिर्न दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको छुट दिईने छैन।

१७. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि खोटेहाङ गाउँपालिकाले तोके अनुसार हुनेछ।

## अनुसुची : १

**सम्पति कर**

(दफा २ सँग सम्बन्धित)

| क्र.स. | करयोग्य सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|---|
| १ | सम्पत्ति मूल्याङकन कर | ०.०५% |
| २ | व्यक्तिगत वार्षिक आय मूल्याङकन | ०.०५% |

## अनुसुची : २

**भुभिकर (मालपोत)**

(दफा ३ सँग सम्बन्धित)

| किसिम | इकाई | अवल | दोयम | सिम | चाहार | पाचौं / पर्ती |
|---|---|---|---|---|---|---|
| बारी | प्रति रोपनी | ५।- | ४।- | ३।- | २।- | २।- |
| खेत | प्रति रोपनी | १०।- | ७५० | ५।- | ३।- | |

**द्रष्टव्य**

१. मालपोत वा भूमिकरको कूल रकम वार्षिक पाचँ रुपैया भन्दा कम हुने भएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर पाँच रुपैयाँ कायम गरिनेछ।
२. भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन।
३. विलम्ब शूल्क प्रतिशत निम्न शुत्र अनुसार निकालिनेछ। बिलम्ब शुल्क प्रतिशत (विलम्ब वर्ष X ५) + ५
४. प्रत्येक वर्ष असार १५ गते सम्म मालपोत बुझाई सक्नुपर्नेछ। असार १६ गते देखी मसान्त सम्म ५ प्रतिशत विलम्व शुल्क लिई सोही महिनाको मसान्तसम्म मालपोत लिइनेछ।
५. एक आ.व.मा तिर्नु पर्ने मालपोत कर आ.व.को अवधि सम्ममा नतिरेमा अर्को आ.व.मा ५० % जरीवाना सहित असुल गरीने छ।

# अनुसुची : ३

## घर बहाल कर

(दफा ४ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने घर बहाल करको दर रेट

| विवरण | करको दर |
|---|---|
| १. आफ्नो क्षेत्रभित्रको घर, पसल ,ग्यारेज, गोदाम, टहरा, शेड, छप्पर,कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा बाहालमा दिएकोमा सम्बन्धीत धनी बाट बाहाल रकमको दश प्रतिशत | बाहाल रकमको १० % |

नोट : घर वाहाल करको हकमा माथि जे सुकै भए पनि मासीक रुपमा वहाल रकमको १० % वा रु २०० मध्ये जुन वढी हुन्छ सो कार्यन्वयन गर्ने

# अनुसुची : ४

## व्यवसाय कर

(दफा ५ सँग सम्बन्धित )

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय करको दर रेट

| सि.नं. | विवरण | विस्तृत विवरण | दर | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | पसल दर्ता | प्रति पसल दर्ता शुल्क | ५००।० | १०० | ५०००० |
| २ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ५०००।० | ० | ० |
| ३ | | पेट्रोल बिक्री केन्द्र | १०००।० | १० | १०००० |
| ४ | | ग्यास सिलिन्डर सब डिलर | १०००।० | १० | १०००० |
| ५ | | मट्टितेल मात्र बिक्री | २०००।० | ० | ० |
| ६ | स्टिल आलमुनियम पसल | थोक | २०००।० | ० | ० |
| ७ | | खुद्रा | १०००।० | ० | ० |
| ८ | फर्निचर | थोक | १५००।० | ० | ० |
| ९ | | खुद्रा | १०००।० | २ | २००० |
| १० | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | प्रति ट्राक्टर | २००।० | २०० | ४०००० |
| ११ | कपडा सिलाइ कटाइ | टेलरिङ आधुनिक | १०००।० | ० | ० |
| १२ | | हाते मेसिन | २००।० | १५ | ३००० |
| १३ | स्नुकर तथा पुल हाउस | | २०००।० | ० | ० |
| १४ | क्यारेम बोर्ड | | १०००।० | ० | ० |
| १५ | पशु आहार बिक्री केन्द्र | | १०००।० | ० | ० |
| १६ | किराना पसल | थोक | १५००।० | १० | १५००० |
| | | खुद्रा | ५००।० | १४० | ७०००० |
| १७ | फलफूल/तरकारी | थोक | ८००।० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| | पसल | खुद्रा | ४००।० | ० | ० |
| १८ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | १०००।० | ० | ० |
| | | खुद्रा | ५००।० | २ | १००० |
| १९ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | १०००।० | ० | ० |
| | | खुद्रा | १०००।० | ५ | ५००० |
| २० | माटाको भाँडा पसल | थोक, खुद्रा | २००।० | ० | ० |
| २१ | विशेषज्ञ परामर्श तथा अन्य व्यावसायी सेवा | चिकित्सक | २०००।० | ० | ० |
| | | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | २०००।० | १ | २००० |
| | | कानुन व्यावसायी ल फर्म | २०००।० | ० | ० |
| | | लेखापरीक्षण व्यावसायी | २०००।० | ० | ० |
| | | दन्त चिकित्सक | २०००।० | ० | ० |
| | | अनुसन्धानकर्ता/परामर्शदाता | २०००।० | ० | ० |
| | | पशु चिकित्सक/डाक्टर | २०००।० | ० | ० |
| | | रोजगार सेवा | ३०००।० | ० | ० |
| २२ | ढुवानी तथा ट्रान्सपोर्ट | | २०००।० | ० | ० |
| २३ | पेन्टर/ साइनबोर्ड लेख्ने | | १०००।० | ० | ० |
| २४ | खोटो व्यवसायी | | १०००।० | २ | २००० |
| २५ | जग्गा व्यवसायी | | २०००।० | ० | ० |
| २६ | निर्माण व्यवसायी | | ५०००।० | ४ | २०००० |
| २७ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | ७५०।० | ० | ० |
| **जम्मा रकम** | | | | | **२३००००** |

नोट : व्यवसायिक कर दर्ताको समयमा नै वार्षिक उल्लेखित दर लागु गरिने छ।

## अनुसुची : ५

## <u>जडीबुटी कवाडी र जीवजन्तु कर</u>

(दफा ६ संग सम्बन्धित)

गाँउपालिकाले आफनो क्षेत्रभित्र उत्पादन भई निकासी हुने उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, जीवित जन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत पछि कार्यपालिका बाट निर्णय गरे बमोजीम कर लाग्नेछ।

# अनुसुची : ६

## सवारी साधन कर

(दफा ७ संग सम्बन्धित)

| सि.नं. | विवरण | विस्तृत विवरण | दर | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | सवारी साधन कर | जे.सि.भि. मेसीन | १००००।० | ३ | ३०००० |
| | | एक्जाभेटर मेसीन | २००००।० | १० | २००००० |
| | | बस, ट्रक, लरी, हेभी गाडी र ट्र्याकटर | ५०००।० | १५ | ७५००० |
| | | भाडाका कार जिप | २०००।० | ५ | १०००० |
| | | निजी कार, जीप, मयुरी | १०००।० | ० | ० |
| | | स्कुटर, मोटरसाइकल तथा अन्य सवारी साधनमा | ५००।० | ५० | २५००० |
| | | ठेलागाडा तथा रिक्सामा | ५००।० | ० | ० |
| २ | पटके सवारी कर | | ५०।० | १०० | ५००० |

द्रष्टव्यः एक गाउँपालिकाले सवारी दर्ता तथा वार्षिक सवारी कर लिएपछि अर्को गाउँपालिकाले त्यस्तो सवारी दर्ता तथा वार्षिक सवारी कर लिन पाउँनेछैन ।

# अनुसुची : ७

## विज्ञापन कर

(दफा ८ संग सम्बन्धित)

सार्वजनिक स्थानमा विज्ञापन वा साइनबोर्ड राखेवापत वार्षिक रु ५००।- विज्ञापन कर असुल गरीने छ ।

# अनुसुची : ८

## मनोरञ्जन कर

(दफा ९ संग सम्बन्धित)

समय समयमा हुने महोत्सव, जादु, सर्कस, चटक र मेला आदीमा आयोजकसंग प्रति दिन रु ३००।- रकम असूल गरिनेछ ।

# अनुसुची : ९

## बहाल विटौरी शुल्क

(दफा १० संग सम्बन्धित)

| सि.नं. | विवरण | विस्तृत विवरण | दर | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | बहाल बिटौरी कर | टहरो छाप्रोको मासिक | ५०।० | ० | ० |
| | | घुम्ती मासिक | ५०।० | ० | ० |
| | | ठेला मासिक | ५०।० | ० | ० |
| | | हाट बजार कर वार्षिक (ठेक्का) | २००००।० | ० | ० |

# अनुसुची : १०

## पार्किङ्ग शुल्क

(दफा ११ संग सम्बन्धित)

| सि.नं. | विवरण | विस्तृत विवरण | दर | संख्या | रकम |
|---|---|---|---|---|---|
| १ | पार्किङ्ग शुल्कः प्रतिदिन | बस , ट्रक, लरी, हेभी गाडी, टयाक्टर, जीप | २०।० | ० | ० |
| | | मोटरसाइकल, ठेला गाडा, अटो रिक्सा र अन्य साधन प्रतिघण्टा | १०।० | ० | ० |

नोट : पार्किङ शुल्क बसपार्क स्थल व्यवस्थित भए पछि मात्र लाग्ने छ ।

# अनुसुची : ११

## सेवा शुल्क दस्तुर

(दफा १३ संग सम्बन्धित)

| सेवा शुल्क | | | | | |
|---|---|---|---|---|---|
| सिफारीस र प्रमाणित | | | | ०७६।०७७ अनुमान | |
| सि.नं. | विवरण | विस्तृत विवरण | दर | संख्या | रकम |
| १ | घरजग्गा नामसारी सिफारीस | ५ रोपनी सम्म | १००।० | ३० | ३००० |
| | | ५ देखि १० रोपनीसम्म | १५०।० | ६० | ९००० |
| | | १० देखि २० रोपनीसम्म | २००।० | ३० | ६००० |
| | | २० देखि ५० रोपनीसम्म | ३००।० | १५ | ४५०० |
| | | ५० रोपनीभन्दा माथि | ५००।० | १५ | ७५०० |
| २ | मोही लगत कट्टा सिफारीस | १ रोपनी सम्मको | १००।० | ० | ० |
| | | १ रोपनी भन्दा माथिको | २००।० | ० | ० |
| ३ | घर कायम सिफारीस | पक्की घर (प्रति वर्ग फिट) | ३।० | ५ | ६००० |
| | | कच्ची घर (प्रति वर्ग फिट) | २।० | ३० | २४००० |
| ४ | सरजमिन सिफारीस दस्तुर | | १००।० | ५० | ५००० |
| ५ | छात्रवृति सिफारीस | | १००।० | ५ | ५०० |
| ६ | विपन्न/असहाय विद्यार्थी छात्रवृति सिफारीस | | निशुल्क | ० | ० |
| ७ | अपाङ्गता भएको सिफारीस | | निशुल्क | ० | ० |
| ८ | अस्थाइ बसोबास सिफारीस | | १००।० | | ० |
| ९ | स्थायी बसोबास सिफारीस | | १००।० | ५ | ५०० |
| १० | नागरिकता सिफारीस | वंशज | १००।० | ८०० | ८०००० |
| | | अंगिकृत | ५००।० | ० | ० |
| ११ | विद्युत जडान सिफारीस | | १००।० | १०० | १०००० |
| १२ | धारा जडान सिफारीस | | १००।० | २०० | २०००० |
| १३ | जीवित रहेको सिफारीस | | १००।० | १० | १००० |
| १४ | दुबै नाम गरेको व्यक्ति एकै हो भन्ने वा फरक जन्ममिति संशोधन सिफारीस | | २००।० | २५ | ५००० |
| १५ | व्यवसाय बन्द सिफारीस | | १००।० | २५ | २५०० |
| १६ | व्यवसाय सञ्चालन नभएको सिफारीस | | १००।० | ५ | ५०० |
| १७ | व्यापार व्यवसाय नभएको सिफारीस | | १००।० | ५ | ५०० |
| १८ | कोर्ट फी मिनाहा सिफारीस | | निशुल्क | ० | ० |
| १९ | नाबालक परिचयपत्र सिफारीस | | ५०।० | १८ | ९०० |
| २० | चौपाया सम्बन्धी सिफारीस | | ५०।० | ५० | २५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | व्यवसाय दर्ता सिफारीस | | ५००।० | ५० | २५००० |
| २२ | उद्योग ठाउँसारी सिफारीस | | ५००।० | २ | १००० |
| २३ | विद्यालय ठाउँसारी सिफारीस | | २००।० | ० | ० |
| २४ | आन्तरिक बसाइसराइ सिफारीस | | १००।० | १५ | १५०० |
| २५ | विद्यालय सञ्चालन स्वीकृत कक्षा वृद्दि/ सिफारीस | | ५००।० | ५ | २५०० |
| २६ | व्यक्तिगत विवरण सिफारिस/ नवीकरण सिफारीस | | १००।० | ५० | ५००० |
| २७ | जग्गा दर्ता सिफारीस | | २००।० | १०० | २०००० |
| २८ | संरक्षक सिफारीस व्यक्तिगत | | १००।० | ५ | ५०० |
| २९ | संरक्षक सिफारीस संस्थागत | | २००।० | ० | ० |
| ३० | नेपाल सरकारको नाममा बाटो कायम सिफारीस | | १००।० | ५ | ५०० |
| ३१ | कोठा खोल्न कार्य रोहबरमा बस्ने सिफारीस | | १००।० | १० | १००० |
| ३२ | स्वास्थ्य उपचारको सिफारीस | निशुल्क उपचारको लागि | निशुल्क | ० | ० |
| | | सशुल्क उपचारको लागि | १००।० | ५ | ५०० |
| ३३ | संस्था दर्ता सिफारीस | | ५००।० | १० | ५००० |
| ३४ | जग्गा धनीपुर्जा हराएको सिफारीस | | १००।० | १० | १००० |
| ३५ | जीवित सँगको नाता प्रमाणित | | १००।० | १०० | १०००० |
| ३६ | मृतकसँगको नाता प्रमाणित | | १००।० | ५० | ५००० |
| ३७ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित | | २०००।० | २० | ४०००० |
| ३८ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | | ५०।० | २० | १००० |
| ३९ | जग्गा मुल्याङ्कन सिफारीस/ प्रमाणित | | १००० मा ७५ पैसा | १० | २२५०० |
| ४० | चारकिल्ला प्रमाणित | | १००।० | १०० | १०००० |
| ४१ | जन्ममिति प्रमाणित | | १००।० | २० | २००० |
| ४२ | घर बाटो प्रमाणित | बाटो भएको | २००।० | २० | ४००० |
| | | बाटो नभएको | १००।० | ३० | ३००० |
| ४३ | विवाह प्रमाणित | | १००।० | १० | १००० |
| ४४ | घर पाताल प्रमाणित | | १००।० | ५ | ५०० |
| ४५ | कागज/ मञ्जुरिनामा प्रमाणित | | १००।० | ५ | ५०० |
| ४६ | हकवाला वा हकदार प्रमाणित | | १००।० | ५ | ५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | घर सम्पन्न सिफारीस/ प्रमाणित | पक्की | १०००।० | १ | १००० |
| | | कच्ची | ५००।० | १५ | ७५०० |
| ४८ | अविवाहित प्रमाणित | | १००।० | १०० | १०००० |
| ४९ | अपुताली सिफारिस | | १००।० | १ | १०० |
| ५० | अन्य सिफारीस वा प्रमाणित | | १००।० | १० | १००० |
| ५१ | घर नक्सापास दस्तुर | पक्की घर | १०००।० | ५ | ५००० |
| | | कच्ची घर | ५००।० | ५ | २५०० |
| ५२ | नक्सा पास निवेदन फाराम दस्तुर | | ५०।० | १० | ५०० |
| ५३ | सरसफाइ शुल्क | मासिक | ५०।० | १०० | ५००० |
| | | सरसफाइ कार्डको | १००।० | १०० | १०००० |
| | सरसफाइ सम्बन्धी पुर्वाधार बनेपछि लाग्नेछ । | | | | |
| ५४ | घर खाली गराउँदा प्रतिदिन | | ५००।० | ०।० | ०।० |
| माथि उल्लिखित सिफारीस वा प्रमाणितको प्रतिलिपी आवश्यक परेमा पनि सुरु तोकिएको दस्तुर पुनः लाग्नेछ । र उल्लिखित कागजात अंग्रेजी भाषामा आवश्यक परेमा रु. ५०० लाग्नेछ । माथि उल्लिखित सिफारीस र प्रमाणित बाहेक कुनै निर्णय वा फैसला आदिको नक्कल आवश्यक परेमा प्रतिपाना १० रुपयाँ दस्तुर लाग्नेछ । | | | | | |
| | **दर्ता शुल्क** | | | | ० |
| ५५ | जन्म दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००।० | २०० | २००००।० |
| ५६ | मृत्य दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००।० | ३० | ३०००।० |
| ५७ | बसाइसराइ जाने दर्ता (अन्तरपालिका) | | १५००।० | ५० | ७५०००।० |
| ५८ | सम्बन्धविच्छेद दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | २००।० | १० | २०००।० |
| ५९ | विवाह दर्ता | ३५ दिनभित्र भए निशुल्क अन्यथा | १००।० | १५० | १५०००।० |
| ६० | नया व्यवसाय दर्ता | १ लाख सम्मको | २००।० | ३० | ६०००।० |
| | | १ लाख देखि ५ लाखसम्मो | ३००।० | १५ | ४५००।० |
| | | ५ लाखदेखि २० लाख सम्मको | ५००।० | १० | ५०००।० |
| | | २० लाखदेखि माथि | १०००।० | ५ | ५०००।० |
| ६१ | उजुरी दर्ता तथा मुद्दा दस्तुर | | २००।० | २० | ४०००।० |
| ६२ | व्यवसाय नविकरण | १ लाख सम्मको | १००।० | २० | २०००।० |
| | | १ लाख देखि ५ लाखसम्मको | १५०।० | १० | १५००।० |
| | | ५ लाखदेखि २० लाख सम्मको | २५०।० | ५ | १२५०।० |
| | | २० लाखदेखि माथि | ५००।० | ३ | १५००।० |
| ६३ | **सेवा शुल्क** | **माथिका हरेक शिर्षकमा अतिरिक्त शुल्क** | ५०।० | २००० | १०००००।० |
| | **जम्मा रकम** | | | | ६४०७५०।०० |